जीव-जन्तुहरु ईश्वर हुन सक्छन्?के संसारको सर्वश्रेष्ठ प्राणी मानिस ईश्वर हुन सक्छ? के सूर्य, चन्द्रमा र टल्किने ताराहरु ईश्वर हुन सक्छन्? होइन,कदापि होइन।फेरि ईश्वर भनेको को हो? ईश्वरले आफ्नो परिचय गराउँदै पवित्र कुरआनमा भन्नुभएको छ:-"(हे संदेष्टा)भनिदेऊ! उनी अल्लाह हुन्(जो)अद्वितीय छन्।अल्लाह स्वयम्मा परिपूर्ण छन् र सबै उनीमाथि आश्रित छन्।उनको कोही सन्तान छैन,न उनी कसैको सन्तान हुन्।र कोही उनको समकक्ष(पनि) छैन।(पवित्र कुरआन११२/१-४)

उक्त सूरह्बाट ज्ञात हुन्छ कि जसलाई केहीको आवश्यकता पर्छ र जसको नातागोता हुन्छ भने त्यो ईश्वर हुन सक्दैन। यस्तै जसमा कुनै पनि प्रकारको खोट हुन्छ भने त्यो पनि ईश्वर हुन सक्दैन। यसर्थ हाम्रो व्यक्तिगत जिम्मेवारी हो कि सृष्टिकर्तालाई चिनौं। हामीलाई सर्वश्रेष्ठ बनाएर संसारमा पठाउनको प्रमुख कारणलाई बुझौं। भन्नु हो भने यो कति ठूलो पाप हो कि मानिसलाई अहिलेसम्म त्यो नै ईश्वरको बारेमा ज्ञान छैन जो सम्पूर्ण सृष्टिका वास्तविक स्रष्टा हुनुहुन्छ। विचार गर्नुहोस् कि यदि कसैले हामीलाई केही दिन्छ वा हाम्रो कुनै पनि प्रकारले सहयोग गर्छ भने हामी त्यसको कति आभारी हुन्छौं। आज खासगरी देश विदेशमा कार्यरत दाजुभाइ तथा दिदी बहिनीहरुलाई राम्ररी थाहा छ कि कति कष्ट भोगेपछि मात्र केही पैसा हात लाग्छ। जसलाई यदि हामीले हात भाँचेको अवस्थामा मात्र एउटा असली हात प्राप्त गर्नका लागि लगाउँछौं भने त्यति पनि प्राप्त हुन सक्दैन। फेरि आफ्नो वास्तविक पालनकर्तालाई नै हामी कसरी बिर्सेर जीवन व्यतीत गरिरहेका छौं?अर्को दृष्किोणले विचार गर्नुहोस् कि यदि मानिसले कसैलाई केही दिएर कुनै मेलामा पठाउँछ भने अन्त्यमा उसले त्योसित माल-सामानको पूरा पूरा हिसाब लिन्छ कि लिदैन?नाफा,नोक्सान के कति भयो? त्यसको विवरण माग्छ कि माग्दैन? अवश्य सोधपुछ गर्छ। फेरि तपाईंको के विचार छ? कि जुन ईश्वरले हामीलाई शरीर र त्यसमा भएका सम्पूर्ण चीज-वस्तुहरु नि:शुल्क दिएर संसारमा पठाउनुभएको छ। के वहाँले मरणोपरान्त हामीसित केही सोधपुछ गर्नुहुन्न?अवश्य गर्नुहुन्छ।जस्तै वहाँले पवित्र कुरआनमा भन्नुभएको छ:-"के तिमीहरु यो बुझ्दछौ कि मैले तिमीहरुलाई निरुद्देश्य बनाएको हो र तिमीहरु म तिर फर्काइने छैनौ?'' (पवित्र कुरआन२३/११५)

प्रिय पाठक:- जहिलेसम्म हामीलाई वास्तविक ईश्वरको सम्बन्धमा सन्तोषजनक ज्ञान प्राप्त हुँदैन, त्यस बखतसम्म हाम्रो अवस्था एउटा यस्तो यात्री जस्तो हुन्छ जसलाई आफ्नो ठेगानाको सही थाहा छैन। स्पष्ट छ कि यस्तो यात्रीले अनेकौं प्रकारको दु:खको सामना गर्नेछ र अन्त्यमा ऊ आफ्नो योजनामा असफल नै हुन्छ। यसै गरी वास्तविक ईश्वरलाई बिर्सेर अर्काको आदेश अनुसार जीवन व्यतीत गर्ने व्यक्तिलाई परिश्रम बाहेक अन्य केही प्राप्त हुनेछैन र मृत्युपश्चात ऊ नर्कवासीहरुमध्ये हुनेछ। शुरु र अन्त्यमा वास्तविक ईश्वरसँग यो नै बिन्ती छ कि वहाँले हामी सबैलाई ईश्वरीय धर्म इस्लामलाई जान्ने–बुझ्ने क्षमता प्रदान गरुन् र मृत्युपश्चात नर्कको ज्वालामुखी आगोबाट मुक्ति प्रदान गरुन्।

(आमीन)

دار التعريف بالإسلام
Islam Presentation Bookshop
للمساهمة معنا في مشروع طباعة الكتب
www.ipc-kw.com 212 داخلي 2444117 - 2427383
Fahad Salem St. Al-Mulla Saleh Mosque P.O.Box:1613 Safat 13017
Tel.: 2444117 - Fax: 2400057 e-mail:ipb@ipc-kw.com

# ईश्वरलाई चिन्नुहोस्

تعرف على ربك الحقيقي

IPC
لجنة التعريف بالإسلام
ISLAM PRESENTATION COMMITTEE
جمعية النجاة الخيرية

प्यारा दाजुभाइ तथा दिदी बहिनीहरु :-

आशा छ कि तपाईंहरु ईश्वरको कृपाले सञ्चै हुनुहुन्छ। यो एउटा सानो धार्मिक पत्र हो जसलाई हामीले तपाईंहरुको सेवामा नम्रतापूर्वक पठाइरहेका छौं। यसको मूल उद्देश्य वास्तविक ईश्वरको सम्बन्धमा बिशेष जानकारी गराउनु हो। जसले हाम्रो सर्वोत्तम शरीरमा विभिन्न आकार-प्रकारका अंगप्रत्यङ्ग हालेर हामीलाई सर्वश्रेष्ठ प्राणीको रुपमा उत्पन्न गर्नुभएको छ। वहाँले नै एक्लै यति व्यापक सृष्टिलाई रात-दिन सुव्यवस्थित तरिकाले सृष्टि कालदेखि नै सञ्चालन गरी राख्नुभएको छ। अब हामीहरुमध्ये प्रत्येकको दायित्व हो कि हामीहरु वहाँलाई चिनौं। आफ्नो रचनाको प्रमुख कारणलाई जानौं,वहाँको आदेश अनुसार शान्तिपूर्ण जीवन व्यतीत गरेर ईश्वरको प्रसन्नता प्राप्त गरौं र मृत्युपश्चात स्वर्गका पात्र बनौं।

हामीलाई दृढ विश्वास छ कि तपाईंहरुले यो संक्षिप्त पत्रलाई ध्यानपूर्वक पढेर अवश्य सोच-विचार गर्नुहुन्छ र सत्य मार्गको खोजी गरेर सदासर्वदाका लागि आफ्नो पारलौकिक जीवनलाई सफल पार्नुहुन्छ।

प्रिय पाठकः- ईश्वर हुनुहुन्छ। यसमा कुनै शङ्का छैन। आकाशदेखि पातालसम्म सृजित सम्पूर्ण सामग्रीहरुबाट यो नै स्पष्ट हुन्छ। संसारमा भएका कुनै पनि चीज-वस्तुमाथि गम्भिरतापूर्वक सोच-विचार गर्दाखेरि यो नै थाहा पाइन्छ कि यस ब्रह्माण्डका स्रष्टा अवश्य नै कुनै सर्वशक्तिमान अस्तित्व हुनुहुन्छ,किनभने कि जहिलेसम्म कुनै कार्यकर्ता हुँदैन तबसम्म कुनै पनि कार्य सुव्यवस्थित तरिकाले हुन सक्दैन। उदाहरणका लागि हामी संसारको कुनै पनि पसल,कम्पनी,उधोग,संघ,संस्था,समिति आदिको नै सन्दर्भमा विचार गरौं कि के त्यहाँ गरिने कार्यकलाप स्वयं पूरा भइरहेका छन्? संस्थापक,अभिभावक,प्रबन्धक,आयोजक,कर्मचारी,प्रमुख अधिकारी र कामदारहरुको आवश्यकता पर्दैन?यदि यसो भयो भने देश-विदेशबाट आ-आफ्ना घर-परिवारलाई छोडेर कुनै अर्को देशमा गएर नित्य-निरन्तर कडा परिश्रम गर्ने आवश्यकता नै थिएन। किन मानिसहरु प्रति दिन कठिन प्रयत्न गरिरहेका छन्? किन आ-आफ्ना बुबा, आमा,श्रीमती,दिदी,बहिनी,दाजु,भाइ र साथीसंगीहरुलाई छोडेर विदेश गएर कष्ट उठाइरहेका छन्?यसर्थ ईश्वरको अस्तित्वलाई नकार्न मिल्दैन। तापनि केही मानिसहरुले भन्छन् कि ईश्वरलाई कसैले देखेको छैन,अनि वहाँमाथि कसरी आस्था राखिन्छ?उक्त सम्बन्धमा हामी मात्र यति भन्न चाहन्छौं कि प्रत्येक प्राणीसँग प्राण छ तर के कसैले प्राणलाई देखेको छ?यस्तै प्रत्येक ठाउँमा हावा चलीरहेको छ तर के कसैले हावालाई देखेको छ?होइन,कदापि होइन।फेरि मात्र ईश्वरको सम्बन्धमा यस्तो व्यर्थ प्रश्न किन गरिन्छ?

अब प्रश्न आउँछ कि ईश्वर हुनुहुन्छ भने वहाँ कतिवटा हुनुहुन्छ?के प्रत्येक देशको छुट्टा-छुट्टै ईश्वर हुनुहुन्छ?वा वहाँ एक्लै सर्वशक्तिमान हुनुहुन्छ? यसको जवाफ पनि हामी सजिलैसँग थाहा पाउन सक्छौं। हामी संसारको जुन सुकै पनि देशमा हेर्छौं भने त्यहाँ राजा एउटा नै हुन्छ र संसारको जुन सुकै पनि कुना-काप्चामा देख्छौं भने त्यहाँ प्रमुख व्यक्तिको रुपमा कुनै एक जना नै हुन्छ। आखिर किन? कारण यो नै हो कि एकै पटक दुई जना कुनै एउटै पदमा भए भने उनीहरुको बीचमा अवश्य वादविवाद हुन्छ? फेरि संसारका दुई या दुई भन्दा बढी ईश्वर कसरी हुन सक्छन्?-ईश्वर त अनन्त हुनुहुन्छ-अनि यसो भयो भने यो संसार कसरी सुव्यवस्थित तरिकाले सञ्चालन हुन सक्छ?जस्तै वास्तविक ईश्वरले पवित्र कुरआनमा स्पष्ट रुपमा भन्नुभएको छ : "यदि आकाश र पृथ्वीमा एक अल्लाह बाहेक अन्य ईश्वरहरु हुन्थे भने यी दुबै क्षतिग्रस्त भइहाल्थे।''

(पवित्र कुरआन२१/२२)

हिन्दू धर्मका धार्मिक शास्त्र वेदमा पनि वास्तविक ईश्वरको सम्बन्धमा यो नै भनिइएको छ कि वहाँ एक्लै हुनुहुन्छ। उदाहरणका लागि पढ्नुहोस्:-

न द्वितीय न तृतीयश्चतुर्थो नाप्युच्यते।
न पञ्चमो न षष्टःसप्तमो नाप्युच्यते।
नाष्टमो न नवमो दशमी नाप्युच्यते।।
स सर्वस्मै विपश्यती यच्च प्राणती यच्च न।।
नमिदं निगतं सरःस एप एक एक वृदेक एवं।

(अथर्वेद१३।४।१६-२१ साभार"सत्य मार्ग''बाट)

"त्यो ईश्वर न दोस्रो हो न तेस्रो न चौथो भनिन्छ।त्यो पाँचौं,छैटौं र सातौं पनि कहलाउँदैन, त्यो आठौं,नवौं र दसौं पनि कहलाउँदैन,त्यो ईश्वर समुच्च संसारस्थ प्राणी,अप्राणी वर्गलाई विविध प्रकारबाट हेर्दछ। त्यसलाई सबै सामर्थ्य प्राप्त छ। त्यो एक्लै नै वर्तमान छ।''

बाइबलमा धेरै परिवर्तनपछि अहिलेसम्म पनि त्यसमा एकेश्वरवादको प्रमाण पाइन्छः-"म परमेश्वर हुँ,औ म बाहेक अरु कोही छैन। म परमेश्वर हुँ , म जस्तै अरु कोही छैन।''(यशैया ४६\९)

अब प्रश्न आउँछ कि त्यो एक्लै सर्वशक्तिमान ईश्वर को हो? जो वास्तवमा अन्तर्यामी,अविनाशी, अनन्त,अत्यन्त दयालु तथा अपार कृपालु हुनुहुन्छ। जसले आकाश र पृथ्वी र यसमा भएका सम्पूर्ण जीव-जन्तु,सजीव र निर्जीव प्राणीहरुलाई सृजना गर्नुभएको छ र जसको आदेश अनुसार यो संसार सञ्चालन भइरहेको छ। रोगबाट निको पार्ने, कष्टमा काम आउने र जीवनमरण कसको हातमा छ? एकछिन एकान्तमा बसेर मनन गर्नुहोस् कि त्यो ईश्वर को हुन सक्छ? के ढुङ्गा, पत्थर,मूर्ति र